कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड ८ संख्याः ६ मितिः२०८२।१२।०९

भाग — २

## कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

## कलैया उपमहानगरपालिका शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०८२

प्रस्तावनाः- कलैया उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक प्राथमिक (कक्षा १-५), आधारभूत (कक्षा ६-८) तथा माध्यमिक विद्यालय (कक्षा ९-१२) हरुमा तहगत र विषयगत शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण विद्यालयको नियमित पठनपाठन सञ्चालनमा प्रभावकारिता आउन नसकेकोले कलैया उपमहानगरपालिकाको आन्तरिक श्रोतबाट विद्यालयहरुमा तोकिएंको मापदण्डका आधारमा शिक्षक व्यवस्थापन सहायता अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली, २०७४ को दफा १२२ ले दिएको अधिकार प्रयोग गरी कलैया उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

१ नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८२।१२।०९ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।१२।०९

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "कलैया उपमहानगरपालिका शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नियमावली" भन्नाले कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली, २०७४ लाई सम्झनुपर्छ ।

(ख) "उपमहानगरपालिका" भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले कलैया उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "विद्यालय" भन्नाले नियमानुसार अनुमति वा स्वीकृत प्राप्त कलैया उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(ङ) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी तथा राहत दरबन्दीलाई सम्झनुपर्छ ।

(च) "न्यून दरबन्दी" भन्नाले तहगत, कक्षागत तथा विषयगत रुपमा ऐनले तोके भन्दा कम दरबन्दी रहेको अवस्थालाई सम्झनुपर्छ ।

(छ) "आधारभूत विद्यालय" भन्नाले बाल कक्षा कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालन भएको विद्यालयलाई सम्झनुपर्छ ।

(ज) "माध्यमिक विद्यालय" भन्नाले वाल कक्षा कक्षा १ देखि कक्षा १० वा बाल कक्षा कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

(झ) "प्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) "उप-प्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ठ) "वडा" भन्नाले कलैया उपमहानगरपालिका भित्रको १९ वटा वडालाई सम्झनुपर्छ ।

(ड) "वडा अध्यक्ष" भन्नाले कलैया उपमहानगरपालिका भित्रको १९ वटा वडाका वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(ढ) "महाशाखा" भन्नाले कलैया उपमहानगरपालिकाको शिक्षा विकास महाशाखालाई सम्झनुपर्छ ।

(ण) "शिक्षक अनुदान" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराईने शिक्षक अनुदानलाई सम्झनुपर्छ ।

३. उद्देश्यः स्थानीय स्रोतको परिचालन मार्फत उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा रहेको तहगत, कक्षागत तथा विषयगत शिक्षकहरुको कमीलाई आंशिक रुपमा परिपूर्ति गर्दै विद्यालय शिक्षाको गुणस्तर, शिक्षामा पहुँच र विद्यार्थीहरुको सिकाइ उपलब्धी अभिवृद्धि गरी शैक्षिक स्तर सुधार गर्ने ।

## परिच्छेद-२

## शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण गर्ने मापदण्ड तथा आधारहरु

४. मापदण्ड तथा आधारहरुः

(क) आधारभूत तह कक्षा १ देखि ५ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कुनै पनि शिक्षक दरबन्दी नभएको वा कम दरबन्दी भएकोमा अर्को व्यवस्था नभएसम्मका लागि अनिवार्य शिक्षक व्यवस्थापन बापत सहयोग अनुदान ।

(ख) आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ (साविक निम्न माध्यमिक तह) मा कुनै पनि शिक्षक दरबन्दी नभएको वा विषयगत दरबन्दी कम भएकोमा अर्को व्यवस्था नभएसम्मका लागि अनिवार्य शिक्षक व्यवस्थापन बापत सहयोग अनुदान ।

(ग) आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालन भई साविक निम्न माध्यमिक तहको १ दरबन्दी मात्र रहेको सामुदायिक विद्यालयमा आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन बापत सहयोग अनुदान ।

(घ) माध्यमिक तह कक्षा १-१० सञ्चालन भई कूल शिक्षक दरबन्दी ९ वा सो भन्दा कम भएका सामुदायिक विद्यालयलाई कक्षा ६-८ वा कक्षा ९-१० का लागि शिक्षक व्यवस्थापन सहयोग अनुदान

(ङ) माध्यमिक तह कक्षा ११ र र १२ सञ्चालनका लागि अनुमति/स्वीकृत भई कक्षा १२ को शैक्षिक सत्र पूरा गरेका सामुदायिक विद्यालयमा नेपाल सरकारबाट कुनै पनि शिक्षक अनुदान वा दरबन्दी प्राप्त नभएको भए शिक्षक व्यवस्थापन सहयोग अनुदान ।

(च) न्यून दरबन्दी भएका तथा विद्यार्थी सङ्ख्या धेरै भएका साथै अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई कक्षा १-५ वा कक्षा १-३ शिक्षक व्यवस्थापन सहयोग अनुदान ।

परिच्छेद-३

शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण सम्बन्धी व्यवस्था

५. अनुदान वितरण सम्बन्धी व्यवस्थाः (१) परिच्छेद-२. को दफा ४ बमोजिमको मापदण्ड पूरा गरेका सामुदायिक विद्यालयहरुलाई उपमहानगरपालिकाको वार्षिक विनियोजित बजेटबाट देहाय बमोजिमको रकम उपलव्ध गराइनेछः

(क) आधारभूत सामुदायिक विद्यालयको हकमा कक्षा १-८ को शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत नेपाल सरकारले तोकेको दरवन्दी अनुसारको तलव स्केल भन्दा बढी नहुने गरी र श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी शिक्षक व्यवस्थापन सहयोग अनुदान उपलब्ध गराउने ।

(ख) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ को शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत नेपाल सरकारले तोकेको दरवन्दी अनुसारको तलव स्केल भन्दा बढी नहुने गरी र श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी शिक्षक व्यवस्थापन सहयोग अनुदान उपलब्ध गराउने ।

(ग) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ९-१० को शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत नेपाल सरकारले तोकेको दरवन्दी अनुसारको तलव स्केल भन्दा बढी नहुने गरी र श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी शिक्षक व्यवस्थापन सहयोग अनुदान उपलव्ध गराउने ।

(घ) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ११ र १२ को शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत नेपाल सरकारले तोकेको दरवन्दी अनुसारको तलव स्केल भन्दा बढी नहुने गरी र श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी शिक्षक व्यवस्थापन सहयोग अनुदान उपलव्ध गराउने ।

(ङ) अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयको हकमा शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत नेपाल सरकारले तोकेको दरवन्दी अनुसारको तलव स्केल भन्दा बढी नहुने गरी र श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी शिक्षक व्यवस्थापन सहयोग अनुदान उपलव्ध गराउने ।

(२) उल्लेखित सहयोग अनुदान वितरण गर्दा विद्यालयको हालसम्मको शैक्षिक प्रगति विवरणलाई समेत आधार बनाइनेछ ।

(३) यस कार्यविधि बमोजिम एक पटक अनुदान पाइसकेका विद्यालयलाई साविकको शिक्षक दरबन्दीमा थप भएको, विद्यार्थी सङ्ख्या उल्लेख्य रुपमा घटेको लगायत अन्य मनासिव कारण विना प्रदान गरिदै आएको अनुदान रकम कट्टा गरिने छैन ।

(४) अघिल्लो आर्थिक वर्षमा यस प्रकारको अनुदान प्राप्त गरेका विद्यालयले अनुदान रकम माग गर्दा नियमानुसार खर्च गरेको कागजातको साथमा प्रगति विवरण आगामी आर्थिक वर्षको योजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

(५) उपमहानगरपालिकाबाट विनियोजन हुने वजेटको आधारमा उपदफा (१) मा तोकिएको विद्यालयलाई प्रदान गरिने अनुदान रकममा आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ ।



CS CamScanner

परिच्छेद-४

शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

६. शिक्षक व्यवस्थापन सम्बन्धीः (१) परिच्छेद ३ बमोजिम अनुदान प्राप्त विद्यालयले देहायको प्रक्रियाका आधारमा शिक्षक व्यवस्थापन गर्नुपर्नेछः

(क) शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त सामुदायिक विद्यालयले शिक्षक पदपूर्ति गर्दा सम्बन्धित तहका लागि अङ्ग्रेजी, गणित र विज्ञान विषयलाई मूख्य प्राथमिकता दिनुपर्नेछ । अन्य विषयको शिक्षक पदपूर्ति गर्नु पर्ने भएमा स्पष्ट आधार खुल्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित उपमहानगरपालिका समक्ष अनुमतिका लागि निवेदन पेश गर्नुपर्नेछ । यसरी प्राप्त निवेदन अध्ययन गर्दा अङ्ग्रेजी, गणित र विज्ञान बाहेक अन्य विषयको शिक्षक पदपूर्तिका लागि अनुमति दिन मनासिव देखिएमा नगर शिक्षा समितिले दिने निर्णय गर्न सक्नेछ ।

(ख) शिक्षक पदपूर्तिका लागि अनुमति प्राप्त विद्यालयले प्रचलित शिक्षा नियमावली तथा नियमावलीका आधारमा शिक्षक पदपूर्तिका लागि विज्ञापन गरी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ ।

(ग) शिक्षक पदपूर्ति सम्बन्धी अन्य व्यवस्था कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम हुनेछ ।

(घ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागू हुनुपूर्व विद्यालयको आवश्यकता बमोजिम प्रचलित शिक्षा नियमावली, नियमावली तथा शिक्षक सेवा आयोग नियमावली अनुसार प्रक्रिया पूरा गरी निजी श्रोतबाट शिक्षक नियुक्त भएको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ र त्यस्ता शिक्षकहरुलाई विद्यालयले प्रत्येक आर्थिक वर्षको सुरुमा करार नवीकरण गर्नुपर्नेछ । यसरी नियुक्त भएका शिक्षकको हकमा शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त गर्नका लागि शिक्षक नियुक्तिको विवरण र आवश्यक कागजात संलग्न फायल उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा/शाखामा पेश गर्नुपर्नेछ ।

(ङ) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी कार्यरत शिक्षकहरुको विदा तथा काज र अन्य थप सेवा सुविधाका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

 नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८२।१२।०९ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।१२।०९

CamScanner

## परिच्छेद-५

## वडा स्तरबाट विद्यालयलाई दिने अनुदान सम्बन्धी व्यवस्था

**७. वडाबाट विद्यालयलाई दिने अनुदानः** (१) वडाबाट विनियोजित शैक्षिक क्षेत्रको बजेट विद्यालयले विनियोजित शीर्षकमा मात्र खर्च गर्नुपर्नेछ ।

तर अङ्ग्रेजी माध्यमबाट पढाइ हुने विद्यालयलाई प्रदान गरिने एकमुष्ट अनुदान दफा ५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम शिक्षक व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।

(२) वडाले आवश्यकता अनुसार विद्यालय शिक्षक व्यवस्थापनका लागि वजेट अनुदान दिन सक्नेछ ।

(३) वडाबाट शिक्षक व्यवस्थापन अनुदान दिइएको भए सोको जानकारी उपमहानगरपालिकालाई दिनुपर्नेछ ।

(४) एउटै शिक्षकका लागि उपमहानगरपालिका र वडाबाट दोहोरो पर्ने गरी वजेट अनुदान दिन पाइनेछैन ।

## परिच्छेद-६

## विविध

**८. आम्दानी जनाउनु पर्नेः** यस कार्यविधि बमोजिम शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त सामुदायिक विद्यालयले प्राप्त रकम विद्यालयको खातामा जम्मा गरी आम्दानी जनाउनु पर्नेछ ।

**९. अन्य शीर्षकमा खर्च गर्न नपाइनेः** शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत प्रप्त रकम दफा ६ बमोजिम नियुक्त भएको शिक्षकको तलव भत्ता बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइनेछैन ।

**१०. यसै कार्यविधि बमोजिम भएको मानिनेः** यो कार्यविधि लागू हुनुभन्दा अगाडि यस उपमहानगरपालिका र वडा कार्यालयबाट प्रदान गरिएको शिक्षक अनुदान यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**११. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

 नगर कार्यपालिकामा प्रस्तुत मिति:२०८२।१२।०९ नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८२।१२।०९

१२. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. संशोधन, निष्कृय तथा खारेजी: (१) नगर कार्यपालिकाले आवश्यक ठानेमा कार्यविधि संशोधन तथा खारेजी गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

आज्ञाले

रामविनय कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८२।१२।२०

 नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८२।१२।०९ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।१२।०९